# ऐतिहासिक पत्रस्तम्भ

श्री

श्री हरिद्वार

१

सतौंको जसिवन्त षत्. पटेलावाट आउन्यार. कास्कि-को रामु गुरू गुरुद्वारबाट आउन्याले. मुषजमानि ल्यायाको षवर जोपाया सुन्याको कच्चा पक्का लेख्याको हो———

उप्रान्त लाहुरको रजितसिं. फागुनतक अम्मर सहरमा थिया. उनका साथको फौज पनि संगै थियो. सतरू-द्रापार फुलौर भन्याका ठानामा येक येवान् र ३।४ हज्जार फौज छ. लोध्यानामा अंगरेजको २ पल्टन् कप्-तान छ कर्नाल भन्याका सहरमा २ पल्टन् अंगरेज छ. येक पल्टन् रजवन् छ. २ कम्पनि गोरा लोग छ रजवन्-को मालिक्. विर्कट मेजर कर्नेल यक् तिन कपतान् येति छन्. लाठसाहेव मेहेरट्मा छन. सुग.ठोर जान्या रस्ता ———१. जान्या रस्ता सटक तयारि भयाको छ. लाठ साहेव आउँछन् भंथ्या. गुरुद्वारमा पाहाडि पलटन येक छ. आगे सालमा सिंहको र अंगरेजको लडाई हुंछ भन्या गलवा षबर सुनिथ्यो भनि कह्या शुभंम———————

श्री १

सर्दार हस्तविर्साहीले फागुन सुदि १० रोज २ का दिन मसीत मानीसको मुषजवानो भनी पठायाको षवर— —— — — — — — — — ——

अंग्रेजको साहेबवानहरूले १६ जना मानीस् आफना तर्फकालाई वेगमका डेरा काहा पऱ्याको छ वयात-वर छ. त्यो पनी बुभनु हाम्रा रिसालाको घोडा र हाम्रा टोपी वाला बन्दुक जति पाइंछ किन्नु भनी रूपैया समेत दिई वेगमका फौज तर्फ पठायाका रह्या छन् तिनि मानिस-लाई बेगमले पक्री कैद गरि तिमिहरूले माल किन भनि ल्यायाको रूपैंया काहा छ भनि बेगमले भन्दा हामीसंग ऐले पाँच हज्जार रुपैञाँ हाम्रा साथमा छ अरू हामीलें जंगलमा जमीनमा दबाई राख्याको छ भनी पक्रीयाका-हरूले भन्याछन् र तिनिहरूका साथका रूपैञाँ लिई मानिस हरूलाई कैदमा राख्याको छ सिमानाका नजिकमा वरावर लाम वाधी अंग्रेज वस्याका छन् शुभं——————

— — — — — — — — — — — —

श्री १

कुमाउबाट हवल्दार भाजुविरले मुषजमानि भनि पठायाको षवर————

उप्रान्तः जज साहेब लाठसाहेवसंग मुलाकादलाई काजि आउछन् भन्या कुरा थियो आउछन् आउनन् भनि-सोध्या लाठसाहेव पनि फागुनको ११ दिन जादा डिल्ली आइ व हांवाट विषुवत्संक्रान्तीको मेलालाई हरिद्वार आउ-छन् वाहावाट गुरुद्वारमा रहन्या पल्टन् हेर्न पनि जान्या-छन् भंन्या षवर छ. जज्साहेव पनि सर्सौगात लि शिवरा-त्रिको दिन. ज्याहावाट कुँच गरि वडासाहेबसंग भेट गर्न भनि गया. लाठ्साहेवसंग भेट मुलाकाद गरिवाहावाट जज्साहेव मुलुकिको काम निमित्यै वैसाषको १० दिन जादा कुमाउको भोटदान पुरा आई पुग्न्या छन् शुभम्—

सुब्बा चतुर्भुज मल्लले पठायाको षवरको फर्द—

कानपुरबाट दुवै लाठ कलकत्ता गया अब केहि दिनमा कलकत्ता दाषल हुन्या छन. जंगिकामको लाठ जर्णेल कलकत्ताबाट फर्कि चतुरमासालाई सिम्ल्या गै वस्न्या छन् भंन्या साहेववान्हरुको जवानी षवर छ जाहर होला वाँकि हिन्दुस्तानमा रह्याको पल्टन मध्ये १० पल्टन् लाहोरको पश्चीम तर्फ.. सिंधु नदीको कीनारमा गै छावनी हाली बस्नु भन्यां हुकुम सदरवाट लेषिआयेछ र. येक रोज वर्णेल मारिसाहेव डाक्टर डावी कप्तान मेलन् डाक्घरको वोल्टोन ये साहेबवानहरूसंग कर्नेलको वंगला-मा वसउठ हुदा छाउनीको सवव सोधनी गरियो र इनि हेरूले कह्याको षवर पश्चीम तरफ गर्मीको गलवा षवर सुनीया लाहोरवालाको सवाल वमोजिम १० पल्टनको छाउनि सिंधु नदीको कीनारामा रहोस भन्या हुकुम लेषि आयो वाकि पश्चीम तरफ १७।१८ लाष जवान भयाको रुस वादशाह छ तेससंग कदाचित लाहोरवाला मिल्यो सामेल भयो भन्या हिन्दुस्तान थाम्न कठीन पर्न्याछ. तेस वाटको पनि चौकस राषनु पर्न्याछ भनी विस्तार गर्न्या र मुष्ये दोस्तिमा दगावे मानी लाहोरवालाबाट हवैन ततपार दो सर्कारको येक वास्ता जति छन पाहाडको मुहुडा गोर्षा फौज र मंदान देसको मुहुदामा अंग्रेज भयापछि कसको येस जावैन हटाउन सकियला भंन्या विस्तार गरियो र दुरूस्त हो लडाञीको हकमा तरवार वहादुरी गोर्षा सिपाहो र अक्लवन्दोवस्तले मुलुक सर गर्न्या अंग्रेजको सीवाये अर्को कोहिं छन भनी कर्नेल साहेबले भन्या सो जाहेर होला वाकि सिंधुनदिको किनारामा १० पल्टन गै वस्नु भंन्या हुकुम लेषि आयाको निस्तुक षवर छ उप्रांत कच्चा-पक्का षवर जो पाईयेला सुनीयला जाहेर गरि पठाउला वाँकि ईनका पल्टन फौजको हिसाव कीतावमा लेषीयाको मन्दराज टीपु सुरत वर्म्व वाहेक कलकत्ताको तावेभर हीन्दुस्तानमा ८७ सौ जवानको पैदल पल्टन ७४ तुरूक सवार पल्टन ८ गोलंदाजो पल्टन ८ गरि पल्टं जमा ९० तोव जमा ५ हज्जार रहेछ भन्या छ जाहेर होला शुभम्—

श्री १

डोटीको पैठान् मल्लको भाई जुशमल्लले ल्याया-को षवर———

तपसील

टाटीयाटोपीले जमुनापारका राजा रजौटा र विग्रयाका काला पल्टन स्मेत जमा ३ लाखसम्म जमा भै लषनौमा होरो षेलौला भनी लषनौतर्फ फौज वढाउन लाग्याको छ————————————१

डील्लीका वादसाहाका छोराले १० हज्जार फौज जमा

गरी राष्याको रहेछ नीज वादसाहाको छोरालाई टाटीयाले लीन पठाई संगै जमाभै रह्याछन् भन्या— — —२

लषनौमा सीष पल्टन १२ अरू गोराका पल्टन् रह्याका रह्या छन् सीष पल्टन्लाई हामीसंग वसी वरावर रोटी षानु पर्छ भनी गोराले भन्दा तीमी संग संगै वसी रोटी षानाको हाम्रो कवोल छैन वर्ष दिनको कक्रार गरी हामीलाइ ल्यायाको हो आज देढ वर्ष भयो तीमीहरूसंग षान पनी संगै वसी षांनौ ज्याहा पनी हामी रहँनौ भनि हातहतीयार स्मेत ली अंग्रेज फुटेर लालवागमा......देरा गऱ्या छन् यसै वातमा अंग्रेजको र सीषको आफसमा लड इ पनि भये छ २ तर्फको केही मानीस पनी मरेछन् सीषहरू हातहतीयार स्मेत ली लाहुर तर्फ गया छन्—३

रामपुरका नवाफलाई तीम्रा तालुकभरको हातहतियार सबै हामीलाई जमा गरी ल्याउ भनो अंग्रेजहरूले भन्दा हातहतियार पनि म दिन्न तिम्रो उर्दि कमान् पनी मान्दिन भनी नीज नवाफ पनि अंग्रेजसंग वीग्री आफना होसीयारी गरी फौज तयार गरेछन् काला पल्टन पनी ६ पल्टन नीज नवाफसंग मीलेछन् तहकीत————४

अंग्रेजको फौज तुलसीपुरमा १ साहेबान् र काला सीपाही ६०।७० जवान छन् वाकीमा साहेवान् १ र सये जवान काला सिपाही छन् पट्नाको चौकरीमा साहेब-बान् सये जवान काला छन् पलीयामा साहेबवान १ काला जवान १ सये छन् धौलारामा साहेववान २ येक सये काला छन् भुरको मटेलामा साहेववान १ र १ सये जवान काला छन् जती फौज रह्याको ठाउमा ६०।७० षाली पाल षडा गरी राषछन् गाडाहरू पनी तयार गरी राख्याको रहेछ ईनै जगामा अघी आयाका गोरा अरू पल्टन् सबै पसीम् तर्फ लषनौ देषी ४ दीनको वाटो उत्तर तर्फ सीतापुरमा लाम वाधी टाटीयासंग लडनलाई पसीम् तर्फ फौज हीडाउदो रहेछ डोटीवाट नीज जोडा मल्ल षेस तर्फ आउदा पलीयादेषी तुल्सीपुरसम्म आफना आषाले देषी आयाको अरू सुनेको.................................

(अपूर्ण पत्र)

श्री

पंजाप्को हाल्ट पौषको

मंसीरको २२ दीन जादा. पहिला लडाञी. फेरू सहरमा १२ हज्जार फौज ली. मुक्तचार लालसिं. दोश्रा तेजासिं. तेश्रो भक्तराम वक्सी दिनानाथ दिवानले किल्लाकाग्रडामा ४ हजार आफना लस्करलाई धर्म दी किल्लावाट वाहार निकाल्या अंग्रेजको ठाना वसाल्या अमीक राईका मामा ध्यानसिं इनुका मामा जोहार सिं येतिले निमक हलाली गऱ्या इनले पुरानु वजीरलाई निकाली दिया ध्यानसिंको छोरा जोहारसिं इनुका जेठा बाबा गुलाबसिं ईनिहरूलाई प्रमाना नदी भत्ताभंग पाऱ्या. फेरि लालसिले फौजको नास गर्नालाई परेजपुरमा पल्टन वढायो जति भरि फौज थियो. तति भरि फौज परेजपुरमा चढायो. लडाञीमा जान्या कर्नेल गैह्र फौजलाई लालसिले हुकुम दियनन् आफनै फोजलाई मार्नुपर्छ तोप नचलाउनु यति काम गऱ्यौ भन्या मुलुक रहन्या छ उस्तै हामीलाई पनी अंग्रेजीले दिन्यै छ बुतकि सहरमा घोडचढाउको मालीक स्यामसिं अटारिवाला पंजाप भरिका सर्दारमा वही लड्यो इनका साथमा ५० हजार सवार र तोप-षानाको मालीक मेवासिं जर्नेल मजिट्वाला जिनि सितोप वालोका मालीक मूष्षेषा जर्नेल स्याम रजवन्को इश्वरीप्रशाद कर्नेल यतिले लडाई गऱ्या घोडचढाको

मालिक मंडाई कुंजेकाला यस्का साथका सवारि भर सब मन्या १५ हजार फौज षर्च भयो फिलिंगिको फौज ३० हजारले सिहको ३ सय तोप् २० हजार जमौरा ४० हजार घोडा, ३५ हजार वयेल ८० हजार वन्दुक यति लुति लिया ताहा पछि तेजासिं सर्दारले सतरूड्रामा पुल बाध्या र अघि लस्कर लगाई पछि जिनिसी तोप् ८ छादि गुलाबसिं वाहेक जति भयाका लस्कर पारि राखिकन अटालिवाला स्यामसिं लड्यो फौजलाई रसड बन्द गऱ्यो फौज खानावार मात्रा आफ्ना लस्करलाई जिनिसि ८ तोपमा गोलन्दाज सिपाही तयार गरी राख्या फेरि पुल तोड्यो सिपाही वारिको वारि पारिको पारि रह्यो. अंग्रेजीले पारिबाट हाम्यो. पारिबाट तोपसिले पिराफ लगाइ तोपले लस्करलाइ माऱ्या कोही गंगामा बग्या कोही अंग्रेजीले माऱ्या सर्दार अंग्रेजीसित मिली लस्करको नास गऱ्या येस वखतको बारसाहो भन्या पनि वजीर भन्या पनि लाएन् छ. तुंडा लाठ आइ वस्याको छ. बन्दोवस्त केही भयाको छैन. सबै सर्दार अंग्रेजका कमसलमा आया येक गुलाबसिं जिमुवाला आयाको छैन. अंग्रेजीले उसैको ठुलो दर राख्याको छ. दागा दिनन्कि भन्या पेटमा छ. सिपाही पनि कमसलमा गयाका छैनन् कोही सर्दारले हुकुम दिया घडिभरमा उडाउन्या थियौं भनि सिपाहीहरू भन्थ्या— —